# प्रेस विज्ञप्ति

स्थानीय तहको सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यका साथ स्थानीय तहको प्रशासनिक संगठन संरचना तथा कर्मचारी दरवन्दीलाई नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७४/१२/१४ को निर्णयबाट स्वीकृत भई सबै स्थानीय तहहरूलाई जानकारी गराई सकिएको छ । नेपाल सरकारको सोही मितिको निर्णयबाट स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्था, २०७४ समेत स्वीकृत भई विषयगत मन्त्रालय अन्तर्गतका स्थानीय कार्यालयमा रहेका चल अचल सम्पत्ति, बजेट तथा कार्यक्रम सम्बद्ध स्थानीय तहमा स्थानान्तरण सम्बन्धी कार्यलाई तदारुकताका साथ सम्पन्न गर्न सम्बद्ध जिल्ला समन्वय समितिलाई आग्रह गरिसकिएको छ ।

स्वीकृत दरवन्दी अनुरुप स्थानीय तहमा कर्मचारी व्यवस्थापनको सुनिश्चतताको लागि रिक्त दरवन्दीमा निजामती सेवाका कर्मचारीहरूलाई आवश्यक संख्यामा खटाउने कार्य यस मन्त्रालयबाट भईरहेको छ । साथै स्थानीय तहको स्वीकृत संगठन संरचना तथा दरवन्दी अनुरुप विभिन्न मन्त्रालय एवम् निकायहरूबाट सम्बन्धित स्थानीय तह प्रति नै उत्तरदायी हुने गरी आवश्यक संख्यामा थप कर्मचारी खटाउन सम्बद्ध निकायलाई अनुरोध गरिसकिएको छ ।

कर्मचारी व्यवस्थापनको कार्यलाई यथाशीघ्र सम्पन्न गरी स्थानीय तहको सेवा प्रवाह र विकास व्यवस्थापनमा सघाउ पुऱ्याउन, साथै स्थानीय तहमा हस्तान्तरण हुनु पर्ने चल अचल सम्पत्ति, बजेट तथा कार्यक्रम यथाशीघ्र हस्तान्तरण गर्न यो मन्त्रालय प्रतिवद्ध र क्रियाशील रहेको छ । साथै यस विषयमा सबै सम्बद्ध निकायको समेत सकारात्मक सहयोगको लागि यसै विज्ञप्ती मार्फत मन्त्रालय हार्दिक अनुरोध गर्दछ ।

मितिः २०७४/१२/२१

..........................

(रुद्रसिंह तामाङ)

प्रवक्ता/सह-सचिव

Scanned by CamScanner